(घ) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद दुई

### कार्यसम्पादन स्तरको मूल्याङ्कन सम्बन्धी व्यवस्था

३.कार्यसम्पादन स्तरको मूल्याङ्कनः कर्मचारीले वर्षमा दुईपटक अनुसूची १ बमोजिमको फारम भरी आफूले गरेको कामको कार्यसम्पादन स्तरको मूल्याङ्कनका लागि सुपरिवेक्षक समक्ष तोकिएबमोजिम पेश गर्नुपर्नेछ ।

४.कार्यसम्पादन स्तरको मूल्याङ्कनका आधारः कर्मचारीको कार्यसम्पादन स्तरको मूल्याङ्कनका मुख्य आधारहरु देहाय बमोजिम हुनेछन्ः

(क) विषयवस्तुको ज्ञान तथा सीप,

(ख) अनुशासन, आचरण, शिष्टाचार र आज्ञापालन,

(ग) समयपालना र नियमितता,

(घ) सरोकारवालासंगको व्यवहार,

(ङ) कामप्रतिको निष्ठा, समर्पण, लगाव र नतिजा,

५.कार्यसम्पादन स्तरको मूल्याङ्कनको अङ्क भार : कार्यसम्पादन स्तरको मूल्याङ्कनका लागि १०० अङ्कभार निर्धारण गरिनेछ । जसको विभाजन देहायबमोजिम हुनेछः

(अ) विषयवस्तुको ज्ञान तथा सीपः २० अङ्क

(क) कामसँग सम्वन्धित बिषयको आधारभूत जानकारी (५)

(ख) कामसँग सम्वन्धित विषयमा भएका नविनतम बिषयको जानकारी (५)

(ग) बिषयवस्तु सम्वन्धी सीप (५)

(घ) सीप प्रयोगको क्षमता (५)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. कामप्रतिको लगाव र नतिजा<br>(क) कार्यालयको कामलाई मुख्य प्राथमिकतामा राखे नराखेको<br>(ख) कार्यालयको गोपनियता भङ्ग गर्ने नगरेको<br>(ग) दिइएको काम समयमै सम्पन्न गर्ने नगरेको<br>(घ) कार्यालयमा आफूसँग रहेका सामानको उचित ढंगले सुरक्षा र संरक्षण<br>जम्मा प्राप्ताङ्क अङ्क र अक्षरमा | | | | | | |
| पूर्णाङ्क | ४०(चालिस) | ३०(तीस) | ३०(तीस) | | | |
| ९५ प्रतिशत भन्दा बढी र ७५ प्रतिशत भन्दा कम अङ्क दिँदा खुलाईएको कारण | सुपरिवेक्षकको नाम: | पुनरावलोकनकर्ताको नाम: | पुनरावलोकन समितिका पदाधिकारीको: | | | |
| | पद: | पद: | नाम | पद | संकेत नं | दस्तखत |
| | सङ्केत नं. : | सङ्केत नं. : | १ | | | |
| | दस्तखत: | दस्तखत: | २ | | | |
| | मिति: | मिति: | ३ | | | |
| | | | मिति: | | | |

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं
बागमती प्रदेश
२०७३